गण्डकी गाउँपालिका

# स्थानीय राजपत्र

## अनुदानमा आधारित पशु विमा कार्यविधि, २०७७

खण्ड ४ संख्या २४ मितिः २०७७।८।१७

भाग-२

**गण्डकी गाउँपालिका**

# अनुदानमा आधारित पशु विमा कार्यविधि, २०७७

प्रस्तावना

गण्डकी गाउँपालिकाक्षेत्र भित्र रहेका कृषकहरुले पालि आएका गाई, भैसी,भेडा, बाख्रा, बगुर पशुहरुको अचानक हुने मृत्युको क्षति बाट जोगाई आर्थिक नोक्सानी न्यूनीकरण गर्ने उद्देश्यकाले पशु विमा गर्दा लाग्ने कुल विमाङ्क प्रिमियम (१००%) रकममा कृषकले व्यहोर्ने कुल विमाङ्क प्रिमियम रकमको १२.५% ( प्रतिशत) रकम अनुदान यस गाउँपालिकाबाट कृषकहरुलाई अनुदान स्वरुप उपलब्ध गराई गाई, भैंसी, बाख्रा तथा बंगुरहरुलाई विमा गरी उनीहरुको आर्थिक तथा सामाजिक हैसियत सबल तथा सक्षम बनाउन गाउँपालिका को तर्फवाट कुल विमाङ्क प्रिमियम रकमको १२.५% (प्रतिशत ) अनुदानमा पशु विमा सेवा सञ्चालन तथा व्यवस्थापन गर्न कृषकलाई पशुपालन व्यवसायमा जोखिम बहन गर्ने समक्ष बनाउन वाञ्छनीय भएकोले गण्डकी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १

१ संक्षिप्त नाम, प्रारम्भ

क) यो कार्यविधीको नाम: अनुदानमा आधारित पशु विमा कार्यक्रम २०७७ , रहेको छ ।

ख) यो कार्यविधी गण्डकी गाउँपालिका स्थानिय राजपत्रमा प्रकाशित भएको भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा :

क० अनुदानमा आधारित पशु विमा कार्यक्रम, भन्नाले गण्डकी गाउँपालिका बाट कृषकले व्यहोर्ने कुल विमाङ्क प्रिमियम रकमको १२.५% रकमलाई जनाउनेछ ।

ख०" कार्यपालिका" भन्नाले गण्डकी गाउँ कार्यपालिका लाई जनाउनेछ ।

ग) " पशु विमा भन्नाले सरकारी मान्यता प्राप्त बिमा कम्पनी वा सहकारी संस्था मार्फत गरिने पशुधन सुरक्षा (लघु बिमा) कार्यक्रम मार्फत गरिने बिमा समेतलाई जनाउनेछ ।

घ) शाखा भन्नाले पशु सेवा शाखालाई जनाउँछ ।

परिच्छेद २

३. कृषकले यो कार्यक्रम प्राप्त गर्नको लागि अनिवार्य रुपमा एकाघर परिवारको नाममा कृषि तथा पशुपन्छी फर्म दर्ता भएको हुनुपर्नेछ। यो कार्यक्रम लागु गराउनु अघि कृषि तथा पशुपन्छी फर्म दर्ताको लागि वडा कार्यालयसंग समन्वय गरी हरेक एकाघरका कृषकलाई १ महिनाको सुचना प्रकाशन गर्नेछ।

१. अनुदानमा पशु विमा सेवा संचालन तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन तथा भुक्तानी विधिः

क) कुनै पनि कृषकको पशु (गाई, गोरु, भैंसी, राँगा,भेडा, बाखा, बोका र वीर, भुनि बंगुर) मा विमा सेवा गराएको पशुको पहिचान खुल्ने पशु पहिचान पट्टा -Tag Number, सेवा प्राप्त कृषकको सम्पर्क नं., सेवा उपलब्ध गराएको मिति तथा आवश्यक विवरणहरु पूर्ण रुपमा उल्लेख गरी अनुसूची १ बमोजिम पेश गर्नु पर्नेछ।

ख) पशुपालक कृषक गण्डकी गाउँपालिकाक्षेत्रभित्रको हुनु पर्नेछ।

ग) पूर्व विमा गरिएका पशु भएमा यो सेवा लिन पुनः नवीकरण गरेको हुनु पर्दछ।

घ) सम्बन्धित वडा कार्यालको सिफारिसमा अनुदान वापतको रकम बिमा कम्पनी वा सहकारी संस्थालाई भुक्तानी दिईनेछ।

ङ) विमा गर्दा लाग्ने विमाङ्क प्रिमियम रकमको अनुदान रकम सरकारी मान्यता प्राप्त बिमा कम्पनी, सहकारी संस्था वा सूचीकृत बिमा अभिकर्तालाई उपलब्ध गराईने छ।

च) मान्यता प्राप्त विमा कम्पनिबाट विमा अभिकर्ता तालिम लिई यस कार्यालयमा विमा अभिकर्ता सुचिकृत भएको हुनु पर्नेछ। बिमा अभिकर्ताले उक्त कार्यमा सहजीकरण गर्न सक्नेछन् तथा आवश्यक विवरणहरु पूर्ण रुपमा उल्लेख गरी अनुसूची२ बमोजिम पेश गर्नु पर्नेछ। तर बिमा अभिकर्तालाई कुनै किसिमको आर्थिक सुविधा उपलब्ध गराइने छैन।

छ) विमित पशुको कुनै कारणवस मृत्यु भएमा सो को जानकारि सम्बन्धित शाखा वा वडा कार्यालयमा विमा अभिकर्ताले अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ।

ज) विमा अनुदान सेवा उपलब्ध गराए बापतको रकम यस कार्यालयबाट उपलब्ध गराईनेछ।

झ) विमा अभिकर्ताले सेवा उपलब्ध गराए बापतको रकम भुक्तानी लिंदा एउटै पशुमा एक पटक भन्दा बढी सेवा पुऱ्याए बापतको भुक्तानी गाउँपालिकाबाट गरिने छैन। तर झुक्याई भुक्तानी लिएमा, नक्कली कागजात बनाई भुक्तानीका लागि पेश गरेमा सम्बन्धित् पशु विमा अभिकर्ता, कम्पनी तथा सहकारी संस्था स्वयं जवाफदेही हुनेछ र निज अभिकर्ता भएमा निजले पुनः कुनै पशुको विमा गरेमा भुक्तानी

यस कार्यालयबाट उपलब्ध गराईने छैन साथै निजको सूचीकरण रद्ध गरी निजले पाउने भुक्तानी रोक्का राखी गाउँपालिकाको निर्णयानुसार आवश्यक कारबाही गरिनेछ ।

ञ) विमा अनुदानको विमाङ्क प्रिमियम रकम लिंदा सहकारी संस्था तथा कम्पनीले विमा गरेको १५ दिन भित्रमा यस कार्यालयमा आवश्यक कागजागत (विमा Policy) सहित जानकारी गराउनु पर्नेछ ।

ट) विमा रकम दाबी गर्न आउदा विमित पशुको संकेत पट्टा (tag number) स्पष्ट देखिने फोटो सहित आउनु पर्नेछ ।

## परिच्छेद ३

४ .कार्यक्रमको खर्च :

क) गण्डकी गाउँपालिकाभित्रका गाई/भैंसी/भेडा ,बाख्रा/वंगुरमा अनुदानमा विमा सेवा संचालन कार्यको लागि आवश्यक वजेट व्यवस्था गण्डकी गाउँपालिका कार्यपालिकाको कार्यालयले गर्नेछ । उक्त विमा अनुदान रकम अक्षेरुपी रु तिन लाख (३,००,०००) रहेको छ ।

ख) कार्यक्रम अनुगमन तथा मुल्याङ्कन वडा शाखा र गाऊपालिकाबाट हुनेछ ।

५. थपघट वा हेरफेर गर्न सक्ने : यो निर्देशिका कार्यान्वनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सकिन्छ ।

अनुसुचि १

गण्डकी गाउँपालिका

गाउँपालिका कार्यपालिकाको कार्यालय

विमा प्राबिधिक/अभिकर्ता /सहकारी संस्था वा कम्पनीको नामः–

| क.स | पशु धनीको नाम थर | मिति | ठेगाना | फोन नं/ मोवाईल नं | पशुको जात | विमा संकेत नं. | रंग | कृषकको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |

पेश गर्ने रुजु गने प्रमाणित गर्ने

अनुसुची २

गण्डकी गाउँपालिका

गाउँपालिका कार्यपालिकाको कार्यालय

विमा अभिकर्ताको निवेदन

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,

विषय: विमा अभिकर्ता सुचिकृत हुन पाउँ ।

महोदय,

मलाई गण्डकी गाउँपालिका बाट अनुदानमा विमा सेवा संचालन सम्बन्धी अभिकर्ताको रुपमा कार्य गर्न ईच्छा भएकाले तपशिल अनुसारको कागजात राखि यो निवेदन पेश गर्दछु ।

तपशिलः

१. मान्यता प्राप्त विमा कम्पनिबाट विमा अभिकर्ता तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि ।

२. एस.एल.सी/एस.ई.ई. तथा जे.टी./जे.टी.ए. प्रमाणपत्रको प्रतिलिपि ।

३. नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपि ।

निवेदकको<br>
नाम थर :<br>
ठेगानाः<br>
सम्पर्क नं

**आज्ञाले,**<br>
**पुरण गुरुङ**<br>
**प्रमुख प्रशासकीय अधिकृत**